# (COVID-19) को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाको कार्ययोजना

१. <u>परिचय</u>

**नोभल कोरोना भाइरस (COVID-19) भनेको के हो ?**

यो नयाँ प्रजातीको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ। यस भाइरसले सामान्य रुघाखोकी देखी गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Illness (SARI) सम्म गराउन सक्दछ ।

**नोभल कोरोना भाइरस (COVID-19) का मुख्य लक्षणहरूः**

- रुघा खोकी लाग्नु,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउनु,
- श्वासप्रश्वासमा अत्याधिक समस्या हुनु,
- घाँटी, टाउको तथा जिउ दुख्ने,
- निमोनिया हुनु,

**नोभल कोरोना भाइरस (COVID-19) बाट कसरी आफू र अरूलाई बचाउने ?**

- नियमित रुपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- जथाभावी हात नमिलाउने ।
- जे पायो त्यही नछुने ।
- जथाभावी छोएका हात आँखा, मुखमा नलाने ।
- रुघा, खोकी लागेका व्यक्तिको नजिक नजाने ।
- फ्लुजस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।

- घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने ।

**नोभल कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न अपनाउनु पर्ने पूर्व सावधानी**

- हात नमिलाउँ, नमस्कार गरौं
- भिडमा नजाऊँ वा ठुलो भेला/सभा तत्काल नगरौं
- कोही बिरामी भएमा सकेसम्म घरमा बसौं वा बच्चा बिरामी भएमा सकेसम्म School नपठाउँ, सकेसम्म छुट्टै सुतौं, छुट्टै प्लेट/थाल प्रयोग गरौं
- व्यक्तिगत र संस्थागत सतर्कता अपनाउँ
- समयमा नै स्वास्थ्यकर्मी बाट सेवा लिउँ
- विदेशबाट फर्किएकाहरुसँग संक्रमणको जोखिम हुने हुँदा बिशेष साबधानी लिउँ।

विश्वभर द्रुत गतिमा फैलिदै गएको COVID -19 सजिलै र छिटो सर्ने रोग हो । यो रोगको उच्च जोखिममा नेपाल समेत रहेको छ । रोकथाम सम्भव रहेको COVID-19 को प्रदेश नं. १ मा  समयमा नै पहिचान गरी रोकथामका उपायहरु र उपचार पद्दतिको विकास तथा कार्यान्वयन तत्कालै गर्न आवश्यक देखिएको छ । नागरिकको सुरक्षा राज्यको पहिलो जिम्मेवारी भएको हुँदा सो चुनौतिको सामना गर्न यो कार्ययोजना बनाई लागू गरिएको छ।

## २. <u>प्रदेशको वस्तुस्थिति</u>

(क) क्षेत्रफल २५९०५ वर्ग कि.मि. (कुल भू-भागको १७.६%)

(ख) २०६८ को जनगणना अनुसार कुल जनसंख्या ४५,४६,४८७ (१७.१५%)

(ग) जनघनत्व २५७ प्रति बर्ग कि.मी.

(घ) स्थानीय तह-१३७ (महानगरपालिका-१, उपमहानगरपालिका-२, नगरपालिका-४६ र गाउँपालिका -८८)

(ङ) अन्तर्राष्ट्रिय सीमाना- उत्तरतर्फ चीनसँग २४७ कि.मि. र पूर्व तथा दक्षिणतर्फ भारतसँग ४४५ कि.मि. ।

(च) अन्तर्राष्ट्रिय नाका- उत्तरतर्फ ३ र पूर्व तथा दक्षिणतर्फ ५ वटा रहेको ।

(छ) विमानस्थलहरु- ठूला विमानस्थलहरु - बिराटनगर र भद्रपुर तथा लुक्ला सहित ११ वटा साना विमानस्थलहरु गरी जम्मा १३ बटा रहेको।

३. <u>बस्तुस्थितिको विश्लेषण</u>

(क) झापा, विराटनगर, ईटहरी तथा धरानमा बढी जनघनत्व रहेको कारण प्रकोपको असर ज्यादा पर्न सक्ने ।

(ख) नाम्चे र लुक्लामा पर्यटकहरुको बढी आवतजावत हुने हुँदा रोग सर्न सक्ने सम्भावना बढी देखिएको ।

(ग) दक्षिणको सीमा नाकामा अत्याधिक मात्रामा आवतजावत हुने ।

(घ) बाटोको सुविधाको कारण एक स्थान बाट अर्को स्थानमा सजिलै र छिटो आवत जावत हुने ।

(ङ) बिराटनगर र भद्रपुर स्थित विमानस्थलमा यात्रुहरुको चाप बढी हुने ।

(च) सुचना प्रवाहको लागि पर्याप्त स्रोत साधन रहेको ।

## <u>सम्भावित चुनौतिहरु</u>

४. हालसम्म यसबाट हुने मृत्युदर भने संक्रमितको तुलनामा न्यून रहेको छ । तथ्याङ्क अनुसार संक्रमित मध्ये आजको मितिसम्म करिव ३.४ प्रतिशत मात्र मृत्युदर रहेको भए तापनि साधारण प्रकोपबाट मध्यम वा

उच्च महामारीको रुप लिई व्यापक मानवीय क्षति हुन सक्ने देखिन्छ । तसर्थ, निम्न अनुसारको सम्भावित चुनौतीहरुलाई मध्यनजर गरी रोकथाम गर्नु नै उपयुक्त हुनेछ।

(क) रोगको समयमै पहिचान,

(ख) पर्याप्त बजेटको व्यबस्था,

(ग) तत्काल सामग्री खरिद व्यबस्थापनमा कानूनी जटिलता,

(घ) स्वास्थ्य सेवा सुविधा, औषधी र Personal Protective Equipment को उपलब्धता,

(ङ) संक्रमणको आशंका भएका र संक्रमित व्यक्ति ओसार पसारको लागि सुविधा सम्पन्न एम्वुलेन्स,

(च) दक्ष जनशक्ति,

(छ) Quarantine र Isolation स्थान,

(ज) Sample Collection र Transportation

(झ) संक्रमित फोहोरको व्यवस्थापन (Waste Management),

(ञ) समयमा नै सही सूचना प्रवाह नभई भ्रामक सूचनाको कारण जनमानसमा डर त्रास पैदा हुनु,

(ट) अनियन्त्रित प्रवेश नाकाहरु र खुला सीमाना,

(ठ) सामाजिक गतिविधि तथा ठूलो संख्यामा जमघट हुने स्थानहरु,

(ड) कृत्रिम अभावको श्रृजना र कालोबजारी,

(ढ) Dead Body को व्यवस्थापन ।

## ५. कार्ययोजना

COVID-19 को रोकथाम, प्रतिरक्षा र उपचार व्यवस्थाको कार्ययोजना

| सि.नं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | श्रोत साधन | समयावधि | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | • जनमानसमा छिटो र सही सूचना प्रवाह गर्ने।<br>• व्यक्तिगत सरसफाई तथा रोगबाट वच्ने उपायहरुबारे जनमानसलाई सचेत गराउने। | सामाजिक विकास मन्त्रालय/स्थानीय तह | प्रदेश सरकारका अन्य मन्त्रालयहरु/जिल्ला प्रशासन कार्यालय/ प्रदेश स्वास्थ्य निर्देशनालय/नेपाल टेलिकम/रेडियो नेपाल, गोरखापत्र, नेपाल टेलिभिजन लगायतका आम संचार सेवा प्रादायक संस्थाहरु/ सामाजिक संघ संस्थाहरु | प्रदेश सरकार/ सामाजिक विकास मन्त्रालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | • संक्रमणको आशंका भएका र संक्रमित व्यक्तिहरुको पहिचानको लागि अन्तर्राष्ट्रिय नाका, प्रदेश नाकाहरु, विराटनगर, भद्रपुर र लुक्ला विमानस्थलमा Screening Desk को स्थापना गर्ने ।<br>• Screening Desk को लागि | सामाजिक विकास मन्त्रालय/स्थानीय तह | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/ भन्सार कार्यालय/अध्यागमन कार्यालय/नागरिक उड्डयन कार्यालय/प्रदेश स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालय/नेपाल प्रहरी / | प्रदेश सरकार/ सामाजिक विकास मन्त्रालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आवश्यक जनशक्ति र Equipment- Infrared Thermometer, Ambulance, र व्यक्तिगत सुरक्षाको लागि एम ९५ माक्स, चस्मा, ग्लोव, एप्रोनको व्यवस्था गर्ने । | | सशस्त्र प्रहरी बल/राष्ट्रिय अनुसन्धान/ उद्योग वाणिज्य संघ | | | |
| ३ | शंकास्पद व्यक्तिलाई Screening Desk बाट Quarantine / Isolation स्थानसम्म पुर्याउने । | सामाजिक विकास मन्त्रालय/ नेपाल प्रहरी/स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/सरकारी तथा नीजि अस्पताल/नेपाल रेडक्रस/सरोकारवाला अन्य निकायहरु | सामाजिक विकास मन्त्रालय/ नेपाल प्रहरी | आवश्यकता अनुसार/निरन्तर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४ | प्रति नाका ९ र प्रति विमानस्थल ६ जनाको दरले स्वास्थकर्मी परिचालन गर्ने । | सामाजिक विकास मन्त्रालय/ स्थानीय तह/नागरिक उड्डयन कार्यालय | प्रदेश स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/नागरिक उड्डयन कार्यालय/सरकारी तथा नीजि अस्पताल/नेपाल रेडक्रस/सरोकारवाला अन्य निकायहरु | सामाजिक विकास मन्त्रालय/ स्थानीय तह/ नागरिक उड्डयन कार्यालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पर्याप्त औषधी र औजार तथा उपकरणको मापदण्ड बमोजिम स्टक, भण्डारण तथा ढुवानीको व्यवस्था गर्ने । | संघीय सरकार/ सामाजिक विकास मन्त्रालय/ स्थानीय तह | जिल्ला प्रशासन कार्यालय/ औषधी व्यबस्था विभाग/औषधी व्यवसायी संघ/प्रदेश आपूर्ति व्यबस्थापन केन्द्र | सामाजिक विकास मन्त्रालय/ स्थानीय तह | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६ | आम नागरिकमा सचेतना अभिबृद्धि गर्नको लागि प्रदेश स्तरदेखि स्थानीय तहसम्म समितिहरु गठन गरी कार्यक्रम र तयारीको अवस्थाबारे सु-सुचित गराउने । | सामाजिक विकास मन्त्रालय/स्थानीय तह/स्वास्थ्य कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/ सुरक्षा निकायहरु/सामाजिक संघ संस्थाहरु/WHO/नेपाल रेडक्रस/ सरोकारवाला अन्य निकायहरु | सामाजिक विकास मन्त्रालय/ स्थानीय तह | आवश्यकता अनुसार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | • कोशी अस्पताल, BPKIHS, Nobel, BMC, मेची अस्पताल र B&C अस्पतालमा तत्कालको लागि मापदण्ड अनुरुपको घटीमा ३० वटा Isolation Bed को व्यवस्था गर्ने र आवश्यकता अनुसार ज्प वेडहरुको व्यवस्था गर्ने ।<br>• जिल्ला अस्पतालहरुमा Isolation Bed खडा गर्नको लागि तयारी शुरु गर्ने । | सामाजिक विकास मन्त्रालय/ सम्वन्धित अस्पतालहरु | प्रदेश स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/स्थानीय तह तथा सरोकारवाला अन्य निकायहरु | सामाजिक विकास मन्त्रालय/ सम्वन्धित अस्पतालहरु | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| | • ५ वटा सिमा नाकाहरु | सामाजिक विकास | | | | मुख्यमन्त्री |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जोगमनी, काकडभिट्टा, भद्रपुर, पशुपतिनगर र भन्टावारीमा जगेडा चालक र मेडिकल टोली सहित प्रदेश तहमा १० र जिल्ला तहमा २/२ वटाका दरले जम्मा २० वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने । | मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय/स्वास्थ्य कार्यालय | एम्वुलेन्स प्रदायक संस्था | सामाजिक विकास मन्त्रालय | निरन्तर | तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | Collection भएको Sample लाई तोकिएको मापदण्ड अनुरुप राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा पठाउने । Sample Collection को लागि कर्मचारी तोक्ने । | सामाजिक विकास मन्त्रालय/प्रदेश प्रयोगशाला | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/सम्बन्धित सरोकारवाला निकायहरु | सामाजिक विकास मन्त्रालय | निरन्तर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ९ | मापदण्ड अनुरुपको Quarantine & Isolation Area, Waste Management तथा Dead body Management को लागि तत्काल स्वास्थ्य कर्मी/ सुरक्षा कर्मी करिब ५०० जनशक्तिको ब्यबस्था गर्ने । | सामाजिक विकास मन्त्रालय/ सुरक्षा निकायहरु | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/प्रदेश स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/सरकारी तथा नीजि अस्पताल /स्थानीय तह/सरोकारवाला अन्य निकायहरु | सामाजिक विकास मन्त्रालय | निरन्तर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | COVID -19 को रोकथाम र उपचारको लागि आवश्यकता अनुसारको रकम मन्त्रिपरषदबाट निर्णय गरी कोष खडा गर्ने । | प्रदेश सरकार | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/आर्थिक मामिला तथा योजना मन्त्रालय/स्थानीय तह | आर्थिक मामिला तथा योजना मन्त्रालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ११ | उपचारमा संलग्न (स्वास्थ्य कर्मी, सुरक्षा कर्मी र अन्य कर्मचारीको लागि पोशाकको व्यबस्था र प्रोत्साहन भत्ताको व्यबस्था गर्ने । | सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य कार्यालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/आर्थिक मामिला तथा योजना मन्त्रालय/स्थानीय सरकार | आर्थिक मामिला तथा योजना मन्त्रालय | उपचार प्रक्रिया शुरु हुनासाथ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १२ | शिक्षण संस्था/स्वास्थ्य संस्था/कार्यालय/उद्योग आदीमा ठूलो संख्याको जमघटमा निरुत्साहित गराउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/सामाजिक विकास मन्त्रालय/स्थानीय तह | प्रमुख जिल्ला अधिकारी/ नेपाल प्रहरी/सरोकारवाला अन्य निकायहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३ | • अत्यावश्यक बस्तुहरु- खाद्यान्न, पानी, औषधी/ औजारमा कृतिम अभाव श्रृजना हुन नदिने ।<br>• कालोबजारी पूर्ण रुपमा नियन्त्रण गर्ने । | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ स्थानीय तह/ जिल्ला प्रशासन कार्यालय/ नेपाल प्रहरी | आन्तरिक मामिला तथा कानून मन्त्रालय /उद्योग बाणिज्य संघ/ स्थानीय तह तथा सरोकारवाला अन्य निकायहरु | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/ स्थानीय तह/ जिल्ला प्रशासन कार्यालय/ नेपाल प्रहरी | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १४ | नेपाली सेना तथा अन्य सुरक्षा निकायहरु तयारी अवस्थामा रहने । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | प्रदेश सुरक्षा समिति/जिल्ला सुरक्षा समिति | नेपाली सेना/ नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | • पहिलो चरणमा श्रीलङ्काटप्पु र सैनिक व्यारेक रहेको मोरङ्गको टांडी ईलाकामा Quarantine स्थान तयार गर्ने ।<br>• Quarantine सकिएको दिनमा प्रत्येक व्यक्तिको Swab Test गरी Negative पाईएमा मात्र Release गर्ने ।<br>• Release भएको २ हप्ता सम्म घरको छुट्टै कोठामा वस्ने र परिवारबाट ६ फिट (२ मिटर) टाढा रहने । | सामाजिक विकास मन्त्रालय/ नेपाली सेना/ सम्वन्धित व्यक्ति | आन्तरिक मामिला तथा कानून मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/ प्रदेश स्वास्थ्य निर्देशनालय/स्थानीय तह तथा सरोकारवाला अन्य निकायहरु | प्रदेश सरकार/ आर्थिक मामिला तथा योजना मन्त्रालय | कार्यदल गठन गरी प्रारम्भिक अध्ययन तत्काल शुरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १६ | अत्यन्त संक्रमित पदार्थको व्यवस्थापनको लागि निश्चित मापदण्ड सहितको निर्देशिका लागु गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | स्थानीय तह/स्वास्थ्य कार्यालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १७ | प्रदेश तहमा मुख्यमन्त्रीको अध्यक्षतामा सबै मन्त्री,राज्य मन्त्री, प्रमुख सचिव, पृतनापति पूर्वी पृतना नेपाली सेना, प्रदेश सभाका सचिव, मुख्यन्यायाधिवक्ता, जि.स.स., न.पा. र गा.पा. महासंघका प्रदेश अध्यक्ष, सवै प्रदेश सरकारका सचिव, प्रदेश स्तरका सुरक्षा निकायका प्रमुखहरु, | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | मन्त्रीपरिषद/नेपाली सेना/नेपाल प्रहरी/ सशस्त्र प्रहरी/रा.अ.वि./ प्रदेश स्वास्थ्य निर्देशनालय/ अन्य सरोकारवाला निकाय | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | तत्काल | प्रदेश सरकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक विकास मन्त्रालयका सचिव सदस्य सचिव रहने गरी निर्देशन समिति गठन गर्ने । | | | | | |
| १८ | प्रमुख सचिवको अध्यक्षतामा सवै सचिव, पूर्वी पृतना हे.क्वा. ईटहरीबाट डा. अधिकृत र अधिकृत प्रतिनिधी, प्रदेश स्तरका सुरक्षा निकायका प्रमुखहरु, प्रदेश स्वास्थ्य निर्देशक, नेपाल रेडक्रस सोसाईटी प्रदेश प्रमुख, प्रदेश पत्रकार महासंघ अध्यक्ष र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव सदस्य सचिव भएको प्रदेश तहको कार्यान्वयन समिति गठन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरोकारवाला सवै निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल | प्रदेश सरकार |
| | जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, उद्योग वाणिज्य संघका अध्यक्ष, नेपाल रेडक्रस, सरोकारवाला कार्यालयका जिल्लास्तरका कार्यालय प्रमुखहरु र स्वास्थ्य कार्यालय प्रमुख सदस्य | जिल्ला प्रसाशन कार्यालय | सम्वन्धित सबै निकायहरु । | जिल्ला प्रसाशन कार्यालय | तत्काल | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सचिव रहने गरी जिल्लास्तरीय कार्यान्वयन समिति गठन गर्ने ।<br>• स्थानीय तहहरुले स्थानीय तहस्तरको कार्ययोजना बनाउन सक्ने । | | | | | |
| १९ | प्रदेशस्तरमा विराटनगर, धरान, बिर्तामोड, ईनरुवा, दमक, गाईघाट तथा जिल्ला सदरमुकाममा खाद्यान्न, पानी र औषधी जस्ता अत्यावश्यक बस्तुको स्टकको व्यवस्था गर्ने ।<br>• खाद्यान्न तथा औषधी/औजार ढुवानीको लागि नेपाली सेना तथा अन्य सुरक्षा निकायलाई परिचालन गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/सामाजिक विकास मन्त्रालय | उद्योग बाणिज्य संघ/स्थानीय तह/ नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/सरोकारवाला अन्य निकायहरु | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/सामाजिक विकास मन्त्रालय | आवश्यकता अनुसार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २० | • प्रदेश सरकारसँगको समन्वयमा जिल्ला स्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा हेल्प डेस्क स्थापना गरी २४ सै घण्टा अपरेशन रुम संचालन गर्ने ।<br>• हेल्प डेस्कमा ४ वटा टोल फ्रि नम्बर जडान गरी स्वास्थ्य सम्बन्धी ज्ञान भएका व्यक्तिलाई सूचना अधिकारी तोक्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय | सामाजिक विकास मन्त्रालय/नेपाली सेना/नेपाल प्रहरी /सशस्त्र प्रहरी बल/ रा.अ.वि./सरोकारवाला अन्य निकायहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय/ जिल्ला प्रशासन कार्यालय | आवस्यकता अनुसार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • मिडियासँगको समन्वयमा दैनिक रुपमा Press Release गर्ने । | | | | | |
| २१ | भविष्यमा हुनसक्ने विपदको लागि समयमा नै तयारी रहन प्रदेश सरकारबाट Triage and Mass Casualty Treatment Center र Quarantine/Isolation Center को व्यवस्था गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय /स्थानीय जनप्रतिनिधि /नेपाली सेना /नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाल रेडक्रस/अन्य सम्बन्धित सरोकारवाला निकायहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय/आपत्कालीन स्वास्थ्य व्यवस्थापन केन्द्र संचालन | तत्काल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२ | संक्रमणको आशंका भएका र संक्रमित व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing गर्ने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाल रेडक्रस/ अन्य सम्बन्धित सरोकारवाला निकायहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आवश्यकता अनुसार/ निरन्तर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३ | संक्रमित व्यक्ति तथा परिवारजनहरुको Medical confidentiality (गोपनियता) राख्ने । | सम्वद्ध सवै निकायहरु | सम्वद्ध सवै निकायहरु | | आवश्यकता अनुसार/ निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय |